# नेपाली कम्युनिष्ट पार्टी
## Nepali Communist Party
## केन्द्रीय निर्वाचन परिचालन समिति

## प्रतिनिधि सभा निवार्चन–२०८२
## नेपाली कम्युनिष्ट पार्टीको
## अपिल

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,**

यही २०८२ फागुन २१ मा प्रतिनिधि सदस्यको निर्वाचन हुन गइरहेको छ । यस अवसरमा हामी सर्वप्रथम यहाँहरु सबैमा हार्दिक अभिवादन गर्दछौँ । आज हामीले उपयोग गरिरहेका हक अधिकारहरु प्राप्त गर्नका निम्ति सङ्घर्ष गर्ने क्रममा आफ्नो जीवानको आहुति दिनुहुने ज्ञात अज्ञात सम्पूर्ण आदरणीय शहीदहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । घाइते, अपाङ्ग र बेपत्ता योद्धाहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछौँ । मुलुकको लोकतान्त्रिक आन्दोलन एवं कम्युनिष्ट आन्दोलनका सबै अग्रज नेताहरुप्रति उच्च सम्मान व्यक्त गर्दछौं । हामी पहिले विभिन्न कम्युनिष्ट तथा समाजवादी पार्टीको रुपमा कृयाशील थियौँ। अहिले बाइस वटा कम्युनिष्ट तथा समाजवादी पार्टी र समूह मिलेर नेपाली कम्युनिष्ट पार्टी बनाएका छौँ र तारा चिन्ह लिएर तपाइहरुमाझ आएका छौँ । यहाँहरुसमक्ष हामी निम्न प्रतिबद्धताहरु जाहेर गर्दछौँ :

* अहिले मुलुकमा जुन खालका बाह्य हस्तक्षेपकारी गतिविधि भएका छन् त्यसबाट इतिहासमा कहिल्यै कुनै विदेशी शक्तिको अधिनमा नरहेको हाम्रो राष्ट्रको स्वाधिनता र स्वाभिमानमा आँच आउन सक्ने खतरा महसुस भएको छ । नेपाल कम्युनिष्ट पार्टी आफ्नो स्थापना कालदेखि नै नेपाल राष्ट्रको स्वतन्त्रता, भौगोलिक अखण्डता, सार्वभौमसत्ता सम्पन्नता र स्वाभिमानको पक्षमा दृढतापूर्वक उभिदै आएको छ । आज पनि हामी हाम्रो राष्ट्रिय स्वाधिनता र स्वाभिमानको रक्षाका निम्ति त्यही दृढताका साथ उभिने प्रतिबद्धता जाहेर गर्दछौँ ।
* अहिले मुलुकमा संघीयता र समानुपातिक एवं समावेशी सहभागिताजस्ता मौलिक विशेषतासहितको बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली कायम छ । यो प्रणाली नेपाली जनताले लामो वलिदानी सङ्घर्ष गरेर स्थापना गरेको प्रणाली हो । अहिले यसका विरुद्ध अनेक प्रकारका षड्यन्त्र भइरहेका छन् । हामी यस प्रणाली विरुद्धका सबै षड्यन्त्रहरूलाई परास्त गर्दै यसलाई सुदृढ र सुस्थिर बनाउँन र समाजवादी लोकतन्त्रको रूपमा विकास गर्न चाहन्छौँ ।
* लोकतन्त्रको सुदृढीकरण र विकासको सवाल स्थापित प्रणालीको स्थिरताको सवाल पनि हो । मुलुकको विकासका निम्ति लोकतान्त्रिक प्रणालीको स्थिरता जरुरी छ । अहिले हाम्रो स्थापित प्रणालीका विरुद्ध गतिविधि गर्दै मुलुकमा अस्थिरता सिर्जना गर्ने दुष्प्रयास भइरहेको छ । हामी त्यस प्रकारको दुष्प्रयासलाई परास्त गर्दै मुलुकमा स्थिरता कायम गरी लोकतन्त्रको सुदृढिकरण र विकासको यात्रामा अगाडि बढ्न दृढप्रतिज्ञ छौँ ।
* हाम्रो संविधान जननिर्वाचित संविधान सभाबाट निर्माण गरिएको संसारका उत्कृष्टि संविधानमध्ये एक हो । यसमा नेपाली जनताले लामो समयसम्म अनेक प्रकारका वलिदानपूर्ण सङ्घर्ष सञ्चालन गरेर प्राप्त गरेका अधिकारहरु दस्तावेजीकरण गरिएको छ । त्यसैले यो जनताले सङ्घर्ष गरेर प्राप्त गरेका अधिकारहरुको दस्तावेज हो । यसलाई खारेज गर्ने अधिकार कसैलाई पनि छैन । तथापि यो अपरिवर्तनीय दस्तावेज भने होइन । यसको कार्यन्वय गर्दा देखापरेका समस्या समाधान गर्नका निम्ति यसमा आश्वक परिमार्जन गर्न सकिन्छ, गर्नुपर्दछ । तर, त्यसको प्रकृया स्वयम् संविधानले निर्देश गरे बमोजिम हुनुपर्दछ भन्ने हाम्रो दृढ मान्यता छ । संविधान कार्यान्वयनको गम्भीर समीक्षा एवं पुनरावलोकन गरेर त्यसबाट निस्किएका निकर्षका आधारमा शासकीय स्वरुपलगायत विभिन्न पक्षमा परिमार्जन गर्नुपर्दछ भन्ने हाम्रो दृढ अठोट रहेको छ ।
* अहिलेको निर्वाच प्रणाली अत्यन्त खर्चिलो, भड्किलो, जटिल र कुनै एक दलले बहुमत ल्याउन नसक्ने खालको छ । कुनै पनि दलको एकल बहुमत नआएपछि गठबन्धनको सरकार बन्ने र त्यो अस्थिर भई विकास निर्माणका काम गर्न नसक्ने अवस्था देखिएको छ । हामी यस निर्वाचन प्रणलीलाई परिवर्तन गरेर सरल र कम खर्चिलो बनाउन चाहन्छौँ । त्यसमा हामी प्रतिबद्ध छौँ ।
* सुशासन र पारदर्शिता आधुनिक लोकतन्त्रका अपरिहार्य पक्ष हुन् । अहिले जनताले सुशासन र पारदर्शिता अनुभूत गरेका छैनन् । भ्रष्टाचार, कमिसनतन्त्र, अपारदर्शिता र ढिलासुस्ती क्यान्सर जस्तै फैलिरहेको छ । सङ्घीयताको मर्मअनुरूप जनताको घरदैलोमै प्रभावकारी सेवा प्रदान भएको छैन । हामी यस स्थितिमा परिवर्तन गर्नैपर्ने पक्षमा छौँ । भ्रष्टाचारमा शून्य सहनशीलतासहितको सुशासन, पूर्ण पारदर्शिता, शक्ति पृथकीकरणको सिद्धान्तअनुरूप राज्यका सबै अङ्गहरूको सञ्चालन र सङ्घीयताको मर्म अनुरूप जनताको घरदैलोमै प्रभावकारी सेवा प्रदान गर्ने हाम्रो दृढप्रतिज्ञा।
* एक उच्च स्तरीय सम्पत्ति छानविन आयोग गठन गरेर आजसम्म सार्वजनिक पद धारण गरेका सबै व्यक्तिको सम्पत्ति छानविन गरी भ्रष्टाचारीमाथि कडाकभन्दा कडा कार्बाही गर्नुपर्दछ र भ्रष्टाचार गरी कमाएको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्दछ भन्नेमा हामी प्रतिबद्ध छौँ ।

* हाम्रो समाजमा अहिले पनि वर्गीय, जातीय, लिङ्गिय, भाषिक। धार्मिक, सांस्कृतिक र भौगोलिक विभेद, असमानता र उत्पीडन कायम छ । जातीय छुवाछुतजस्तो मानव मर्यादाको कलङ्कसमेत समाजमा अझै विद्यमान छ । छाउपडी र डाइनी, बोक्सीजस्ता कुरीति र अन्धविश्वास पनि द्विमान छन् । यी सब सामन्ती व्यवस्थाका अवशेष हुन् । हामी सबै प्रकारको विभेदकारी व्यवहार, असमानता, उत्पीडन, कुरीति र अन्धविशवासको अन्त्य गर्न चाहान्छौँ । त्यसका लागि प्रभावकारी कदम चाल्न प्रतिबद्ध छौँ ।

* उत्पादनको कमी र बरोजगारी ठूलो समस्याका रुपमा रहेका छन् । यो समस्याको समाधान गर्न कृषि उत्पादनमा बृद्धि, स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग धन्दाको विकास र औद्योगिक उत्पानमा बृद्धि, ऊर्जा उत्पादनमा बृद्धि र व्यापार प्रबर्धन तथा पर्यटन उद्योगको विकास र पर्यटन आगमनादबृद्धि गर्न विशेष योजना बनाएर काम गर्नुपर्ने पक्षमा छौँ । त्यसो गरेर नागरिकका लागि रोजगारीका अवसर सिर्जना गर्न सकिने, राष्ट्रिय आय बद्धि गर्न सकिनेछ, खाद्यान्नमा आत्मनिर्भर हुन सकिने छ र व्यापार घाटा कम गर्न सकिने छ ।

* आयात आधारित राजस्व, निरन्तर बढ्दो व्यापार घाटा, चर्को बेरोजगारी, जनशक्तिको विदेश पलायन, वैदेशिक ऋणको निरन्तर वृद्धि, पुँजीगत खर्च कम हुने समस्या, महङ्गीको अचाक्ली वृद्धि, कालोबजारी, उत्पादनका साधनहरूमा दलाल पूँजीपतिहरूको नियन्त्रण, मिटर ब्याजीको शोषण, वित्तीय क्षेत्रमा मौलाएका विकृती, अभाव र गरिबी नेपाली अर्थतन्त्रका आधारभूत समस्या हुन् । हामीले जबसम्म हम्रो आफ्नै स्वाधिन अर्थतन्त्र निर्माण गर्न सक्तैनौ तबसम्म अर्थतन्त्रका उपर्युक्त समस्याबाट मुक्त हुन सकिदैन र हाम्रो परनिर्भरतामा कायमै रहन्छ । कृषि, औद्योग, पर्यटन, ऊर्जालगायत क्षेत्रमा उत्पादन वृद्धि गरेर परनिर्भरता कम गर्दै जानु र स्वाधिन अर्थतन्त्रको जग बसाल्नु आजको हाम्रो मुख्य आर्थिक कार्यभार हो । यो कार्यभार वहन गर्नका निम्ति हामी दृढतापूर्व अगाडि बढ्न प्रतिबद्ध छौँ । राज्यकोष बलियो बनाउन प्रगतिशील कर लगाइने छ । बित्तीय क्षेत्रमा नीतिगत र संरचनागत सुधार गरिनेछ । गरिवीको अन्त्य गर्न लक्षित वर्ग र समूदाय केन्द्रित कार्यक्रम सञ्चालन गरिने छ ।

* प्रकृतिक सम्पदा र वातावरणको संरक्षण गर्दै दिगो विकासका लागि प्राकृतिक स्रोतको सदुपयोग गरिनेछ । विकासका योजना निर्माण गर्दा विपद्जन्य जोखिम र त्यसको व्यवस्थापनमा ध्यान दिनुपर्ने नीति अवलम्बन गरिनेछ ।

* हाम्रो लक्ष्य नेपाली विशेषताको वैज्ञानिक समाजवाद हो । वैज्ञानिक समाजवाद भनेको सबै जनताका निम्ति खाना, छाना र नाना तथा शिक्षा, स्वास्थ्य र रोजगारी उपलब्ध गराइएको, उत्पानका साधनमाथि सामुहिक स्वामित्व भएको र सामाजिक न्याय एवं समानतासहितको समाज व्यवस्था हो । वर्तमान नेपाली समाजमा आर्थिक–सामाजिक रूपान्तरणका व्यापक अभियान सञ्चालन नगरी त्यो अवस्था निर्माण गर्न सकिदैन । त्यसैले हामी वर्तमान नेपाली समाजमा व्यापक रूपले आर्थिक–सामाजिक रूपान्तरणका अभियान सञ्चालन गरेर समाजवादको आधार निर्माण गर्नुपर्दछ भन्ने पक्षमा छौँ ।

* देशमा भएको राजनीतिक परिवर्तन अनुरुप आर्थिक–सामाजिक रुपान्तरण हुन नसकेको हुना व्यवस्था बदलिए पनि जनताको अबस्था बदलिएन भन्ने भाष्य निर्माण हुन गयो । मुलुकमा विकास हुँदै नभएको त होइन तर जति भयो त्यो पर्याप्त भएन । त्यसैले यो भाष्य बन्न गयो । यसलाई बदल्नु पर्छ । यसलाई बदल्न आर्थिक–सामाजिक रुपान्तरणका महाअभियान सञ्चालन गर्नु जरुरी छ । त्यो हामी गर्नेछौँ । मुलुकको आर्थिक–सामाजिक रुपान्तरण गरेर समाजवादको आधार निर्माण गनेछौँ ।

* हामी हाम्रो राष्ट्रिय हितलाई सर्वोपरि राखेर परराष्ट्र सम्बन्ध सञ्चालन गर्नेछौँ । हामी राष्ट्रहरूबिच समानता, अहस्तक्षेप, पारस्परिक लाभ र सम्मानलगायत पञ्चशीलका सिद्धान्त, संयुक्त राष्ट्र सङ्घको बडापत्र र अन्तर्राष्ट्रि कानुनी मान्यताका आधारमा हाम्रा छिमेकीलगायत सबै मुलुकसँग सुमधुर सम्बन्ध राख्न चाहन्छौँ र अरूले पनि हामीसँग तदनुरूपकै सम्बन्ध राखुन् भन्ने चाहान्छौँ । हाम्रो परराष्ट्र नीति यही मान्यतमा आधारित हुनेछ । हामी यही नीति अनुसार नेपालसँग भएका असमान सन्धी सम्झौताहरु खारेज गर्न र नेपालको अतिक्रमित भूमि फिर्ता गर्न चाहान्छौँ । हामी राष्ट्रिय एकता र सुरक्षाको प्रबर्धन गर्दै मानवता र विश्व शान्तिको पक्षमा उभिने छौँ ।

* हामीले विगतमा अनेक प्रकारका क्रान्तिकारी सङ्घर्ष सञ्चालन गरी मुलुकमा ठूलाठूला राजनीतिक परिवर्तन गरेका थियौँ । त्यसैले भन्न सक्छौँ कि व्यवस्था बदलेको हामीले हो, अब अवस्था पनि हामीले नै बदल्ने छौँ । अरुले गफ गर्ने हुन हामी काम गर्छौं । जसरी व्यवस्था बदल्यौँ त्यसैगरी अवस्था पनि बदल्ने छौँ । यो हाम्रो दृढ प्रतिज्ञा हो । यसमा हामी लागिपर्नेछौँ । विगतमा हाम्रा पनि कतिपय कमी कम्जोरी भए होलान । त्यसमा हामी आम्तालोचित छौँ र कमी कम्जोरीलाई सच्याएर अघि बढ्न प्रबिद्ध छौँ । यहाँहरुसँग हाम्रो हार्दिक अपिल कि यस पटक तारा चुनाव चिन्हमा मतदान गरी हामीलाई व्यवस्था बदले जस्तै देशको अवस्था पनि बदल्ने अवसर प्रदान गर्नुहोस् । धन्यवाद !

**मिति : २०८२ फागुन १४ गते**

माधव कुमार नेपाल
सहसंयोजक

पुष्पकमल दाहाल 'प्रचण्ड'
संयोजक